# तादी गाउँपालिका

## गाँउपालिका स्तरीय मानव बेचविखन तथा ओसारपसार नियन्त्रण समिति(गठन तथा परिचालन) कार्यविधि, २०७७

प्रमाणित अध्यक्ष ज्यू
२०७७/६/२८ को कार्यपालिका
बैठक बाट गाउँपालिका स्तरीय मानव
बेचबिखन तथा ओसारपसार नियन्त्रण
समिति (गठन तथा परिचालन) कार्यविधि-२०७७
स्वीकृत भएकोले प्रमाणीत हुन पेश गरेको छु।
२०७७/६/२८

तादी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,
खरानीटार, नुवाकोट ।

तादी गाँउपालीका

खरानिटार नुवाकोट

# गाँउ पालिका स्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि २०७७

**परिचयः-**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ जुनबिषेस ऐनको रुपमा रहेको छ। यस बिषेस ऐन लाई प्रभावकारी कार्यान्वयन गर्नका लागि निर्मित मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) नियमावली २०६५, मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) (पहिलो संशोधन) नियमावली २०७७ र मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका २०६५ अनुसार मानव बेचबिखन तथा ओसारपसार लाइ नियन्त्रण गर्नका लागी केन्द्र देखि स्थानीय तह सम्म समितीहरु गठन तथा परिचालन गर्ने व्यवस्था गरेको छ। यसै ऐन र नियामावली तथा निर्देशिका अनुसार बिगतमा केन्द्रीय समिती,जिल्ला समिती र स्थानिय समितीहरु गठन तथा परिचालन गरि रोकथाम ,संरक्षण, अभियोजन लगायतका कार्य गर्दै आएको छ। यसै क्रममा समन्वय र सहकार्यलाई पनि उच्च प्राथमिकताका साथै मानव बेचबिखन तथा ओसारपसारलाइ नियन्त्रण गर्ने बिबिध कार्यहरु गरिरहेको छ। यसै अनुसार स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी समितिहरूको गठनमा एकरूपता ल्याउन तथा परिचालन गर्ने प्रयोजनका लागि कार्यविधिको आवश्यकतालाई मनन गर्दै गाँउपालिका स्तरीय समितिको गठन तथा काम, कर्तव्य र अधिकार निर्धारणका लागि यो कार्यविधि तयार पारिएको हो।

नेपालको संबिधान २०७२ को भाग ३ को धारा २९ मा उल्लेखित शोषण बिरुद्धको हकको उपधारा ३ मा कसैलाइ पनि बेचबिखन गर्न, दास वा बधुवा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्क्षा बिपरित काममा लगाउन पाइने छैन भनि स्पष्ट उल्लेख गरिएको छ। साथै संघीय राज्यको व्यवस्था मुताबिक स्थानीय सरकार संचालन ऐन २०७४ अर्न्तगत स्थानीय तह संचालन हुदै आइरहेका छन। उक्त ऐनको दफा १४ मा स्थानीय सरकारले विभिन्न विषयगत समितीउप-समितीहरुको गठन गर्न सक्ने व्यवस्था गरे मुताविक मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नगर स्तरीय तथा वडा समिती गठन गरिने छ।

नेपालको संबिधान २०७२ को भाग ३ को धारा २९ मा उल्लेखित शोषण बिरुद्धको हकको उपधारा ३ मा कसैलाइ पनि बेचबिखन गर्न, दास वा बधुवा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्क्षा बिपरित काममा लागाउन पाइने छैन भनि स्पष्ट उल्लेख गरिएको छ । साथै संघीय राज्यको ब्यवस्था मुताबिक स्थानीय सरकार संचालन ऐन २०७४ अर्न्तगत स्थानीय तह संचालन हुदै आइरहेका छन । उक्त ऐनको दफा १४ मा स्थानीय सरकारले बिभिन्न विषयगत समिती उप-समितीहरुको गठन गर्नसक्ने ब्यवस्था रहेकाले **तादी गाँउपालीका** ले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण (गठन तथा परिचालन) कार्यविधि २०७७ जारी गरेको छ

परिच्छेद - १

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः (१)यस कार्यविधिको नाम मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिती(गठन तथा परिचालन) कार्यविधि २०७७ रहने छ ।

(२). यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

**(क) 'ऐन'** भन्नाले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन,२०६४ सम्झनुपर्दछ ।

(ख) "नियमावली" भन्नाले मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) नियमावली २०६५, सम्झनु पर्दछ ।

**(ग)** "स्थानीय तह " भन्नाले **तादी गाँउपालीका** सम्झनु पर्दछ ।

(घ) "वडा कार्यालय " भन्नाले **तादी गाँउपालीका** वडा नं १ देखि ६ नम्बर सम्मका सबै वडा कार्यालय सम्झनु पर्दछ ।

(ङ) "समिती" भन्नाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिती सम्झनु पर्दछ ।

(च) "गाँउ पालिका स्तरीय समिती" भन्नाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण **तादी गाँउपाली** स्तरीय समिती सम्झनु पर्दछ ।

(छ)"वडा समिती" भन्नाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण **तादी गाँउपालीका** वडा नं १ देखि ६ नम्बर सम्मका सबै वडामा गठित समिती सम्झनु पर्दछ ।

## परिच्छेद - २

**गाँउ पालिका स्तरीय समिती**

**(३) मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण गाँउ पालिका स्तरीय समितीको गठन देहाय बमोजिम हुनेछ ।**(१). गाँउपालिकाको आयोजनामा स्थानीय महिला समूह, लैङ्गिक हिंसा निवारणको लागि निगरानी समूह, नगर बाल सन्जाल, नगर बाल संरक्षण समिति, स्थानीय पत्रकार, समाजसेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वयमसेविका तथा स्थानिय विद्यालयका शिक्षक शिक्षिका,स्थानिय प्रहरी आदिको उपस्थितीमा नगरपालिका स्तरीय भेला गर्ने । उक्त भेला गाँउपालिकाको प्रमुखको अध्यक्षतामा बस्ने छ । (२)सोही भेलाले देहायका प्रतिनिधिहरूको मनोनयन गरी गाँउ पालिका स्तरीय समिति गठन गर्नेछ ।

**(४) मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण गाँउ पालिका स्तरीय समिती सम्वन्धि व्यबस्था देहाय बमोजिम हुनेछ ।** (१) मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) नियमावली २०६५, मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) (पहिलो संशोधन) नियमावली २०७७ र मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका,२०६५ स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा १४ अनुसार मानव बेचबिखन तथा ओसारपसार लाई नियन्त्रण गर्नका लागि **तादी गाँउपालीका** मा देहाय बमोजिमको गाँउ पालिका स्तरीय समिती रहनेछ ।

**तपसिल :**

(१)संयोजक : अध्यक्ष (श्री नारायण प्रसाद पाण्डे)

(२)सहसंयोजक: न्यायीक समितिको संयोजक (श्री इश्वरी उप्रती)

(३)सदस्य :प्रमुख प्रशासकिय अधिकृत (श्री

(४)सदस्य :प्रमुख, स्थानीय प्रहरी कार्यालय (श्री कमला नराल)

(५)सदस्य :प्रधानाध्यापक (श्री सुरेन्द्र अधिकारी)

(६) सदस्य : गाँउ पालिका स्तरीय बाल संजाल संयोजक (श्री

(७) सदस्य :प्रमुख, स्वास्थ्य शाखा (श्री विनोदराज खरेल)

(८) सदस्य : प्रधानमन्त्री रोजगार संयोजक(श्री सावित्री खनाल)

(९) सदस्य :शिक्षा शाखा प्रमुख (श्री खगेन्द्र सिंह धामी)

(१०) सदस्य :कृषी शाखा (श्री सुप्रिया खनाल)

(११)सदस्य :पशुपन्छि शाखा (श्री युवराज भण्डारी)

(१२) सदस्य :उद्योग वाणिज्य संघ (श्री बालकृष्ण पाण्डे)

(१३)सदस्य :मानब बेचबिखन तथा ओसारपसारविरद्धको क्षेत्रमा काम गर्ने गैससबाट (श्री सम्झना प्रसाई)

(१४)सदस्य :मानव बेचबिखन तथा ओसारपसार पीडित/प्रभावित (श्री नाम परिवर्तन उर्लेनी)

(१५) सदस्य-सचिव : महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख (श्री अमृता पन्त)

(५) गाँउ पालिका स्तरीय समितीले कानुनी संरचनागत, कार्यविधीगत तथा अन्य आयश्यक विषयमा मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण जिल्ला समिती, बाग्मती प्रदेशको सामाजिक विकास मन्त्रालय, महिला वालवालीका तथा जेष्ठ नागरीक मन्त्रालय लगायत सम्वन्धित निकाय संग समन्वय गर्नेछ ।

**परिच्छेद - ३**

**गाँउ पालिका स्तरीय समितिको काम, कर्तव्य र अधिकार**

**(६) गाँउ पालिका स्तरीय समितिको काम, कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछ ।**

- मानवबेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने,
- मानवबेचबिखन तथा ओसारपसारसँग सम्बन्धित स्थानीय तहमा लगत तथा अभिलेख अद्यावधिक गर्ने
- पिडित/प्रभावित सहायताका लागि आवश्यक अन्तर्निकाय तथा अन्तर स्थानीय तह समन्वय तथा सिफारीसको कार्य गर्ने ।
- स्थानीय स्तरमा पिडित/प्रभावित सहायता तथा मानव बेचबिखन विरुद्का कार्यक्रमहरु सञ्चालन गर्न मान्रव बेचबिखन विरुद्को कोष स्थापना र सञ्चालनगर्ने

- स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरु मफ मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने ।
- स्थानीय स्तरका कार्यक्रमहरु सञ्चालन गर्न अन्य सरकारी निकाय, गैसस तथा निजि क्षेत्रसँग सहकार्य र समन्वय गर्ने ।
- प्रत्येक वडामा वडा अध्यक्ष वा तोकिएको सदस्यको संयोजकत्वमा मानवबेचबिखन विरुद्दको वडास्तरीय समिति गठन र परिचालन तथा सबलीकरण गर्ने ।
- गाँउ पालिका स्तरीय समितिको बैठक बार्षिक न्युनतम ६ पटक र आवश्यकता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ ।
- गाँउ पालिकामा रहेका रोजगार प्रवर्द्धन, महिला विकास, बालअधिकार प्रवर्द्धन, कृषि विकास, पशु विकास वा यस्तै समुदायमा केन्द्रित कार्यक्रमहरूलाई पीडित तथा जोखिम क्षेत्रका बासिन्दाहरूलाई लक्षित गरी सञ्चालन गर्ने ।

**परिच्छेद - ४**

**वडा स्तरीय समिती**

**(७) मानव बेचबिखन विरुद्दको वडा स्तरीय समितिको गठन देहाय बमोजिम हुनेछ ।** (१) वडाको आयोजनामा स्थानीय महिला समूह, लैङ्गिक हिंसा निवारणको लागि निगरानी समूह बाल क्लब, स्थानीय पत्रकार, समाज सेवी, विभिन्न संघ संस्था, स्वास्थ्य स्वयम सेविका तथा स्थानिय विद्यालयका शिक्षक शिक्षिका ,स्थानिय प्रहरी आदिको उपस्थितीमा वडा स्तरीय भेला गर्ने । उक्त भेला वडा अध्यक्षको अध्यक्षतामा बस्ने छ । (२) सोही भेलाले देहायका प्रतिनिधिहरूको मनोनयन गरी वडा स्तरिय समिति गठन गर्नेछ ।

**(८) वडा स्तरीय समिती सम्वन्धिव्यवस्था देहाय बमोजिम हुनेछ ।** (१)स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ अनुसार स्थानीय सरकारले विभिन्न विषयगत समिती उप-समितीहरुको गठन गर्नसक्ने व्यवस्था रहेको र मानव बेच बिखन तथा ओसारपसार नियन्त्रणका लागि **तादी गाँउपालीका** ले प्रत्यक वडामा देहाय बमोजिमको वडा स्तरीय समिती गठन गर्नेछ ।

तपसिलः

(१)संयोजक : वडा अध्यक्ष

(२)सदस्य : महिला प्रतिनिधि, वडा स्तरीय

(३)सदस्य : सिमान्तकृत तथा दलित समुदायबाट महिला

(४)सदस्य : महिला समुह/किशोरी समुह

(५)सदस्य : बाल क्लब

(६)सदस्य : प्रधानाध्यापक, स्थानीय तह भित्रका सबैभन्दा उच्च तहको विद्यालय

(७)सदस्य : प्रमुख, स्थानीय स्वास्थ्य सेवा केन्द्र

(८)सदस्य : स्थानीय प्रहरी कार्यालय

(९)सदस्य : स्थानीय तहमा क्रियाशील संघ संस्थाका प्रतिनिधि १ जना

(१०)सदस्य : मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येबाट सम्बनिधत स्थानीय तहले मनोनीत गरेको एक जना सदस्य (उपलब्ध भएसम्म)

(११)सदस्य सचिवःशाखा प्रमुख, महिला बालबालिका तथा सामाजिक विकाससँग सम्बन्धित शाखा

परिच्छेद - ५

## वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार

**(९)वडा स्तरीय मानव बेचबिखन विरुद्दको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।**

- मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने,
- आफनो कार्यक्षेत्र भित्र पिडितको उद्धार तथा संरक्षणको व्यवस्था गर्दै, पिडित सहायताका लागि आवश्यक अन्तर्निकाय तथा अन्तरस्थानीय तह समन्वय तथा सिफारीसको कार्य गर्ने ।
- स्थानीय तहमा सभा सदस्य तथा सरोकारवालाहरु माफ मानव बेचबिखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने ।

- वडा स्तरीय समितिको बैठक बार्षिक न्युनतम ६ पटक र आवश्यक्ता अनुसार सो भन्दा बढी पनि बस्न सक्नेछ ।

....................................

तादी गाँउपालीका

खरानीटार, नुवाकोट

मितिः...........................